मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

यातायातका कर्मचारी पक्राउ

झापा, जेठ ३। नक्कली लाइसेन्स प्रकरणमा यातायात व्यवस्था विभागको मीनभवनस्थित कार्यालयबाट एक जना कर्मचारी पक्राउ परेका छन्।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले कम्प्युटर अपरेटर दीपा न्यौपानेलाई पक्राउ गरेको हो। यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कम्प्युटर इञ्जिनियर सुरजप्रकाश अर्याल, यातायात व्यवस्था विभागमा करारमा कार्यरत कम्प्युटर इञ्जिनियर हरिश भट्ट पक्राउ परेका थिए।

विभागको छानबिनबाट विगत १० वर्षमा एक लाखभन्दा बढी लाइसेन्स अनियमित तरिकाले वितरण

(बाँकी अन्तिम पृष्ठमा)

◆ वर्ष : २९ ◆ अङ्क : १८० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ ४ गते शुक्रवार (Friday, 17 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

मेची-महाकाली रेलवे मुआब्जा निर्धारण अझै भएन

झापा, जेठ ३ । यातायात सेवालाई विश्वस्तरीय बनाई देशको सामाजिक र आर्थिक विकासमा सहयोग गर्ने उद्देश्यले सरकारले मेची-महाकाली विद्युतीय रेलवेको परिकल्पना गरेको छ। रेल्वेको पहिलो खण्डअन्तर्गत झापाको काँकरभिट्टादेखि सुनसरीको इनरुवासम्म १ सय ६ किलोमिटर दूरी पर्दछ। रेलवे ट्र्याकमा ४ हजार घरधुरी र ५ हजारभन्दा बढी जग्गा कित्ता पर्छ। सरकारले ती घरजग्गा रोक्का गरेको ३ वर्ष नाघिसक्यो। तर मुआब्जा वितरण त के, मुआब्जा निर्धारण समेत हुन सकेको छैन।

चार हजार घरधुरी तथा ५ हजार ४ सयभन्दा बढी कित्ताको पाँचसय १२ हेक्टर जमिन अधिग्रहणमा परेका छन्। सरकारले आफूहरुलाई ३ वर्षदेखि बन्धक बनाएको प्रभावितको आरोप छ। चाँडोभन्दा चाँडो उचित मुआब्जा दिन उनीहरुले आग्रह गरेका छन्। रेल विभागले सरकारी दर रेट कायम गर्न खोज्दा र प्रभावितले चलनचल्तीको मूल्य खोज्दा जग्गाको उचित मूल्याङ्कन हुन सकेको छैन्। प्रभावितले झापा, मोरङ तथा सुनसरी तीन जिल्ला समेटेर रेलवे समन्वय, मुआब्जा मूल्याङ्कन तथा निर्धारण समिति बनाई दबाबमूलक कार्यक्रम गर्दै आएका छन्।

परियोजनाको गुरुयोजना बनाउँदा २४ अर्ब रुपैयाँ मुआब्जा

(बाँकी अन्तिम पृष्ठमा)

रोकिएन सुन तस्करी

विमानस्थलबाट समातियो ५२ केजी सुन

झापा, जेठ ३। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन तस्करी गर्ने संगठित गिरोहलाई प्रहरीले पटक-पटक पक्राउ गर्दै आएको छ। यही वर्ष भेपमा ९ र ब्रेक सुमा ६१ किलो सुन तस्करी भएका ठूला तस्करीका मुद्दा ताजै छन् भने ६ वर्षअघि सार्वजनिक भएको ३३ किलो सुन प्रकरणले समेत काठमाडौं विमानस्थल भएर सुन तस्करीका गिरोह सक्रिय भएको पुष्टि गर्छन्।

यी प्रकरण सार्वजनिक भएपछि तस्करी नियन्त्रणमा प्रहरी र गृह प्रशासनले विभिन्न प्रयास गर्दै आएको दाबी गर्छन्। तर तस्करका गिरोह भने अझै उत्तिकै सक्रिय छन्। पछिल्लो दुई महिना चैत र वैशाखमा मात्रै विमानस्थलमा खटिएका प्रहरीले ५२ किलोभन्दा बढी सुन बरामद गरेको छ। अवैधरुपमा सुनको ओसारपसारमा कडाइ गरिएपनि त्यो पूर्णरुपमा रोकिन सकेको छैन।

सशस्त्र प्रहरीका अनुसार २०८० को चैत र २०८१ को वैशाखमा महिनामा मात्रै विमानस्थलबाट ६ करोड ८७ लाख ७८ हजार ७३५ बराबरको ५२.७२९ किलो सुन बरामद गरी भन्सार दाखिला गरिएको छ। यसअवधिमा अवैध सुन ओसारपसार गर्ने २२ जना पक्राउ परेका छन्।

प्रहरीले अवैध ओसार पसारमा संलग्न १७ वटा ठूला र १५ वटा साना गरी ३२ वटा सवारी साधनहरू नियन्त्रणमा लिई राजश्व अनुसन्धान विभाग र कार्यालयमा पठाएको छ। त्यस्तै, सो अवधिमा राजश्व अनुसन्धान विभाग र मातहतका कार्यालयहरूसँगको समन्वयमा संयुक्त रूपमा ९२ वटा ठूला र ५५ वटा साना गरी एक सय ४७ वटा सवारी साधन नियन्त्रणमा लिई राजश्व अनुसन्धान विभागमा पठाएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरीले चैतमा १२ करोड ७२ लाख एक हजार दुई सय १२ र वैशाख महिनामा १४ करोड ६० लाख २४ हजार ८८ रुपैयाँ बराबरको अवैध रूपमा आयात निर्यात भएको र बिल बिजक नभएको सामान जफत गरी भन्सारमा दाखिला गरेको छ।

सशस्त्र प्रहरीले चैतमा कूल ४० करोड ६६ लाख १० हजार ७३ रुपैयाँ बराबरको राजश्व दाखिला गरेको छ भने वैशाखमा ५२ करोड ९७ लाख ७ हजार दुई सय ५३ रुपैयाँ बराबर राजश्व दाखिला गरेको छ। अवैध मालसामान बरामद चोरी, पैठारी तथा अवैध सुन, चाँदी, मालसामान, नदीजन्य पदार्थ, अवैध काठ बरामद, अवैध मुद्रा, हुण्डी कारोबार, ट्राफिक जरिवाना, फैसला कार्यान्वयन लगायतबाट राजश्व संकलन

(बाँकी अन्तिम पृष्ठमा)

पहेंलो धातु देखाई ठगी गर्ने पक्राउ

झापा, जेठ ३। जेष्ठ नागरिक र महिलालाई सुन जस्तो पहेँलो धातुको टिल देखाई ठगी गरेको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

झापाको दमक नगरपालिका हाट बजारको क्षेत्रमा नगद तथा महिलाहरुले लगाएका सुनका गरगहनाहरुसँग सट्टापटा गरी ठगी गर्ने गरेको आरोपमा प्रहरीले ती ब्यक्तिलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा मोरङको उर्लाबारी नगरपालिका वडा नं.-५ क्षेत्रीवाहुन टोलका ३० वर्षीय सञ्जित शर्मा रहेका छन्। जेष्ठ नागरिक महिला तथा पुरुषसहितलाई विभिन्न मितिहरुमा सुन जस्तो पहेंलो धातुको टिल देखाई नगद तथा महिलाहरुले लगाएका सुनका गरगहनाहरुसँग सट्टापटा गरी ठगी गर्ने गरेको भन्ने उजुरी तथा सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट गएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा उनलाई पक्राउ गरेको हो।

ठगी गर्ने शर्मालाई झापाको दमक-६ स्थित पशुहाटबाट सुन जस्तो देखिने पहेंलो धातुसहित फेला पारी पक्राउ गरिएको हो। शर्माको साथबाट पहेंलो धातु ५६.३१० ग्रामसमेत फेला परेको प्रहरीले जनाएको छ। उनलाई बिहीवार झापा जिल्ला अदालतबाट ठगी कसुरमा म्याद थपको लागि कानूनी प्रक्रिया पूरा गरी सो सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

लागूऔषधसहित तीन विदेशी महिला पक्राउ

काठमाडौं, जेठः ३ । नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोले अवैध लागूऔषध कोकिनको कारोबारमा संलग्न अन्तर्राष्ट्रिय गिरोहका विदेशी नागरिकलाई काठमाडौं महानगरपालिका-१७ ठमेलबाट पक्राउ गरी विहीवार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेहरूमा इथियोपियाबाट कतार एयरवेजबाट काठमाडौं ओर्लिएका युगाण्डा घर भएका केभिना मुगाला र लिलियन सुशान वानयेन्ज तथा उक्त बरामद भएको कोकिन लिन भारतबाट आएकी ३३ वर्षीय देवाजनी पाल रहेको लागूऔषध नियन्त्रण ब्यूरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए।

उनले भने -कतार एयरवेजबाट काठमाडौं ओर्लिएका युगाण्डा घर भएका केभिना मुगाला र लिलियन सुशान वानयेन्जबाट लागूऔषध कोकिन बरामद गरिएको छ, जसको तौल दुई केजी छ सय ५४ ग्राम रहेको छ। पक्राउ परेकाहरूमाथि लागूऔषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम काठमाडौं जिल्ला अदालतबाट लागूऔषध मुद्दामा म्याद थप भई अनुसन्धान भइरहेको प्रवक्ता कार्कीले बताए । बरामद गरिएको अवैध लागूऔषध कोकिनको बजार मूल्य रु. सात करोड ९६ लाख हुन आउने ब्यूरोले जनाएको छ।

इलाममा लागूऔषध घटना बढ्दै

पहाडी जिल्ला भए पनि इलाममा लागूऔषधका घटना बढिरहेका छन्। चालू आर्थिक वर्षको वैशाख महिनासम्ममा इलाममा लागूऔषध सम्बन्धी १५ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

यीमध्ये गाँजामा एउटा र ब्राउनसुगरमा १४ वटा मुद्दा दर्ता भएका छन्। गाँजासम्बन्धी मुद्दामा तीन जना पक्राउ परेका छन्। ब्राउनसुगरमा ३१ जना पक्राउ परेर उनीहरूमाथि मुद्दा चलिरहेको इलामका डीएसपी प्रकाश जबेगूले बताए। जबेगूका अनुसार यो आर्थिक वर्ष २०८०-०८१ मा पाँच किलो ६७ ग्राम गाँजा बरामद भएको छ भने एकसय ३३ ग्राम ब्राउनसुगर बरामद भएको छ।

जबेगूका अनुसार आर्थिक वर्ष २०७९-०८० मा भने १४

(बाँकी अन्तिम पृष्ठमा)

नेपालका तीन खेलाडीले एशियाली पारा तेक्वान्दोमा प्रतिस्पर्धा गर्ने

काठमाडौँ, जेठ ३। नवौँ एशियाली पारा तेक्वान्दो च्याम्पियनसिप २०२४ मा नेपालबाट तीन खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्।

प्रतियोगितामा पलेशा गोवर्धनले महिला ५७, भरतसिंह महतोले पुरुष ५८, र अमिर ब्लोनले पुरुष ६३ केजीमुनि तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन्। उनीहरूको प्रशिक्षकमा कविराज नेगी लामा रहेका छन्। उक्त प्रतियोगितामा विभिन्न ३१ राष्ट्रका खेलाडीले सहभागिता जनाउने बताइएको छ। पलेशाले छनोट चरण पार गरेर पेरिस पारालिम्पिकमा सहभागिता निश्चित गरिसकेकी छिन्। छनोटचरण पार गरेर पारालिम्पिकमा सहभागिता पक्का गर्ने पलेशा पहिलो र एकमात्र खेलाडी हुन्। पलेशा चीनको ताइवानमा गत चैत ४ गते भएको एसियाली छनोटमा स्वर्ण पदक जित्दै पेरिस पारालिम्पिकमा छनोट भएकी थिइन्।

उनी चौथो एशियाली पारा खेलकुदको कांस्य पदक विजेता पनि हुन्। पारा एशियाली खेलकुदमा नेपालले सो पदकमात्र हासिल गरेको थियो। पलेशाले सन् २०२१ मा बहराइनमा भएको युथ एसियन गेम्समा स्वर्ण पदक र सन् २०१८ मा भियतनाममा भएको एशियन पारा तेक्वान्दो च्याम्पियनसिपमा कांस्य पदक जितेकी थिइन्।

नेपाल तेक्वान्दो सङ्घले पेरिस पारालिम्पिकमा सहभागी गराउन अमिर र भरतको वाइल्ड कार्डका लागि आवेदन दिइसकेको प्रशिक्षक लामाले जानकारी दिए। एशियन च्याम्पिनसिपबाट र्‍याङकिङमा आउन र र्‍याङकिङमा सुधार गर्न मद्दत पुग्ने भएको हुँदा अमिर र भरतलाई सहभागी गराइएको हो।

प्रशिक्षकको भूमिकामा रहेका लामाले सन् २०१५ देखि पारा तेक्वान्दो प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै आएका छन्। उनको प्रशिक्षणमा नेपालले अहिलेसम्म १० वटा अन्तर्राष्ट्रिय पदक जितिसकेको छ। जसमा तीन स्वर्ण, दुई रजत र पाँच कांस्यपदक छन्।

सहभागी हुन तीन खेलाडीसहित चार सदस्यीय नेपाली टोली आज शुक्रबार भियतनामको दनाङ प्रस्थान गर्नेछन्। नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य सचिव टङ्कलाल घिसिङले सफलताको शुभकामना दिंदै एक कार्यक्रमकाबीच बिदाइ गरेका थिए।

तीन जना फरार अभियुक्त पक्राउ

पाँचथर, जेठ ३। पाँचथर प्रहरीले बाल यौन दुर्व्यवहार विरुद्धको मुद्दामा अदालतबाट दोशी ठहर भएपछि फरार भएका तीन जनालाई पक्राउ गरेको छ। प्रहरीले बुधबार पक्राउ गरेका तीनै जनालाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत पाँचथरमा हाजिर गराएको प्रहरी निरीक्षक दिवस कुँवरले जानकारी दिए । पक्राउ पर्नेमा पाँचथरको तुम्बेवा -३ घर भएका ४४ वर्षीय इन्द्रबहादुर खड्का, मिक्लाजुङ -४ का ५४ वर्षीय कृष्णबहादुर नेपाली र फिदिम नगरपालिका -११ का ३३ वर्षीय इन्द्रबहादुर विश्वकर्मा रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

पक्राउ परेकामध्ये खड्का र नेपालीलाई जिल्ला अदालतले बाल यौन दुर्व्यवहार विरुद्धको मुद्दामा दोशी ठहऱ्याउँदै कैद र जरिवाना फैसला सुनाएको थियो। खड्कालाई २०७९ साल असोज ९ गतेको फैसलाले दोशी ठहर गर्दै ५ महिना १५ दिन कैद र ५ हजार रुपैयाँ जरिवाना तथा नेपालीलाई २०७८ चैत १५ गतेको फैसलाले ५ महिना ७ दिन कैद र १२ हजार ५ सय रुपैयाँ जरिवाना सुनाएको कुँवरको भनाइ छ।

यस्तै, विश्वकर्मालाई २०८० साउन ४ गतेको फैसलाले ५ महिना ४ दिन कैद गर्ने फैसला सुनाएको थियो। अदालतमा हाजिर गराएका तीनै जनालाई फैसला कार्यान्वयनका लागि पाँचथर कारागार पठाइएको प्रहरीले जनाएको छ।

BAJAJ
LOVED IN 70 COUNTRIES
BAJAJ
नव आरम्भ
नयाँ वर्ष, नयाँ बजाज, नयाँ आरम्भ...
अब पाँच दिन बाँकी
नयाँ वर्ष २०८१ मा पाउनुहोस्
SURE SHOT CASH DISCOUNT*
हरेक हप्ता रू. १ लाख सम्म जित्ने मौका*
36 MONTHS LOWEST EMI*
30% LOW DOWNPAYMENT*
*Conditions Apply
GOLCHHA GROUP 100 YEARS OF TRUST
SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
Teku Road, Kathmandu, Ph. No: 5330001/5320094
url: nepal.globalbajaj.com/en
/HHBajaj
/BajajNepal
/Company/Golchhagroup
Finance Supported by: HFL HULAS FINSERV HIRE PURCHASE LTD.
COMPREHENSIVE 5 YEAR WARRANTY
For more information about your nearest dealer please contact.
Bajaj 24 x 7 HELPLINE 16600175555 9801575555

गौरादह जेसीजको नाट्य कार्यशाला गोष्ठी

गौरादह, जेठ ३। गौरादह जेसीजले गौरादह नगरपालिका वडा नं -१ सँगको सहकार्यमा नाट्य कार्यशाला गोष्ठी शुरु गरेको छ ।

दुर्व्यसन परिवार, समाज र राष्ट्रलाई मात्र होइन अन्तर्राष्ट्रिय रूपमा समस्या र चुनौतीको विषय बनिरहेको अवस्थामा नाटकमार्फत जनचेतना फैलाउन गोष्ठी शुरु भएको गौरादह जेसीजका अध्यक्ष खड्ग थापाले बताए ।

दुर्व्यसन विरुद्ध सचेतना फैलाउन, निबन्ध प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता तथा नाटक प्रदर्शन मध्ये नाटकलाई रोजेर सोही अनुसार अघि बढिएको अध्यक्ष थापाले बताए । कला साहित्यको पनि विकास हुने नाट्य कार्यशाला कोसेढुङ्गो साबित हुने अध्यक्ष थापाले बताए ।

कार्यशालामा विभिन्न ठाउँ, विभिन्न क्षेत्रका मानिसहरू, शिक्षक, विद्यार्थी, जेसीजकर्मी, सामाजिक संघसस्थाका प्रतिनिधिहरु सहभागी भएको बताइएको छ । २२ जना सहभागी रहेको नाट्य कार्यशाला ८ गतेसम्म चल्ने र ९ गतेदेखि विद्यालय , अभिभावक, शिक्षक र विद्यार्थीहरूलाई लक्षित गरेर प्रदर्शनी गरिने अध्यक्ष थापाले बताए ।

ताप्लेजुङ पर्यटन महोत्सव शुरू

ताप्लेजुङ, जेठ ३। ताप्लेजुङमा पर्यटन प्रवर्द्धनका लागि 'पर्यटन महोत्सव' शुरु भएको छ । जेठ ७ गतेसम्म सञ्चालन हुने महोत्सवले पर्यटक प्रवर्द्धन गर्नुका साथै स्थानीय कला, संस्कृति तथा वस्तुको प्रचारप्रसार गर्ने उद्देश्य राखेको छ ।

नेपालकै प्रसिद्ध तीर्थस्थल पाथीभरा, कञ्चजङ्घा, फुङफुङेलगायत पर्यटकीय स्थानको प्रचारप्रसार तथा पहिचानका लागि महोत्सव अयोजना गरिएको महोत्सव सञ्चालन समितिका संयोजक एवम् जिल्ला समन्वय समितिका प्रमुख छिरिङ लामाले बताए । विसं २०६३ देखि प्रत्येक वर्ष सञ्चालन हुने गरेको पाथीभरा म्याराथन तथा पर्यटन महोत्सव कोरोनाका कारणबीचमा दुई वर्षसम्म हुन नसकेको उनले जानकारी दिए ।

यस वर्ष विगतका वर्षमा झैं म्याराथन हुने सञ्चालक समितिका सदस्यसचिव देवराज गुरुङले बताए । उनका अनुसार पहिलो दिन उद्घाटन र अन्तरपालिकास्तरीय चौथो मेयरकप भलिबल प्रतियोगिता हुनेछ ।

महोत्सवमा कृषिमेला प्रदर्शनी, औद्योगिक हस्तकला, खाद्य परिकार महोत्सव, डोको क्यारी रन (पुरुष), टपरी बुन्ने, डोको बुन्ने, वक्तृत्वकला प्रतियोगिता, लोक सांस्कृतिक कार्यक्रम गरिने आयोजक समितिका संयोजक लामाले जानकारी दिए । उनका अनुसार म्याराथन दौड तथा हाफ महिला म्याराथन दौडसमेत हुनेछ ।

पाथीभरा म्याराथन, पर्यटन महोत्सव तथा विभिन्न कार्यक्रमका लागि करिब रु. ८० लाख खर्च हुने अनुमान गरिएको गुरुङले बताए । पर्यटन मन्त्रालय र पर्यटन बोर्डबाट रु. २० लाख बजेट माग गरिएको भन्दै बाँकी रकम विभिन्न दाता सङ्घसंस्थाबाट जुटाइने उनको भनाइ छ ।

पूर्वेली युवा क्लबको फराकिलो जित

बिर्तामोड, जेठ ३ । बिकर्ण श्रेष्ठको चार गोल मद्दतमा फराकिलो जित निकाल्दै आयोजक रातो स्वर्गीय दुर्गादेवी श्रेष्ठ स्मृति भेट्रान्स फुटबल प्रतियोगिताको सेमी फाइनलमा प्रवेश गरेको छ ।

बिर्तामोडको डोमालाल राजवंशी रंगशालामा विहीवार भएको अन्तिम क्वार्टर फाइनल खेलमा आयोजकले पाहुना टोली इलामको एमसिसी भेट्रान्स फुटबल क्लबमाथि गोल वर्षा गरेको थियो ।

इलामलाई ६-० को फराकिलो गोल अन्तरले पराजित गर्दै आयोजक पूर्वेली युवा क्लब रातो अन्तिम चारमा प्रवेश गरेको हो । बिकर्णले खेलको १० औं, २२ औं, २६ औं र ४० औं मिनेटमा गोल गरे । त्यस्तै, खेलको ३० औं मिनेटमा विशाल राई ए र ३४ औं मिनेटमा रमेश गुरुङले एकएक गोल गरे ।

प्रतियोगिताको प्लेयर अफ द म्याच ४ गोलकर्ता बिकर्ण श्रेष्ठ भए । उनले नगद रु. २५०० र ट्रफी पाए । आजको पहिलो सेमीफाइनल खेल आयोजक निलो र चन्द्रगढी भेट्रान्स एफसीबीच हुनेछ । त्यस्तै, विराट मेगा भेट्रान्सले फाइनल प्रवेशका लागि आयोजक रातोको सामना गर्नेछ ।

प्रतियोगिताको विजेताले नगद एक लाख १ हजार १११ रुपैयाँ, ट्रफी र मेडल पाउनेछ भने उपविजेताले नगद ५५ हजार ५५५ रुपैयाँ चौधरीले बताए । त्यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्यचाले नगद २५०० र ट्रफी पाउने छन् ।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार र ट्रफी प्रदान गरिनेछ । प्रतियोगिताका उत्कृष्ट गोलकिप्पर, डिफेन्डर, मिडफिल्डर, फरवार्ड, उच्च गोलकर्ता र प्रशिक्षकले नगद पाँच हजार र ट्रफी प्राप्त गर्ने संयोजक टेकराज तिलिङले बताए ।

लागूऔषध ...

वटा मुद्दा सङ्ख्यामा २२ जनालाई पक्राउ गरेर मुद्दा चलाइएको थियो । यो वर्ष चार ग्राम ०३५ मिलिग्राम ब्राउन सुगर, स्पास्पेन ७४ पिस, ट्रामाडोल ५८ पिस बरामद गरिएको छ ।

यस्तै आर्थिक वर्ष २०७८-०७९ मा आठ मुद्दामा १२ जना पक्राउ परेका थिए । यो वर्ष चार ग्राम ६८० मिलिग्राम ब्राउन सुगर, स्पास्पेन चार पिस, ट्रामाडोल चार पिस, गाँजा १ दशमलव ५ किलो गाँजा बरामद गरिएको जनाइएको छ ।

यो वर्ष लागूऔषधका १५ वटा मुद्दा दर्ता भइसकेको छ । वैशाख महिना मात्र पाँच वटा मुद्दा दर्ता भएका छन् । अझै दुई महिना बाँकी छ । निश्चित रूपमै लागूऔषधका मुद्दा बढ्ने छन्- डीएसपी जबेगूले भने ।

भर्खरै इलाम आएका एसपी प्रभुप्रसाद ढकालले लागूऔषध मुद्दाको सङ्ख्या हेर्दा यसलाई संवेदनशील ढङ्गले हेर्नुपर्ने अवस्था रहेको बताए । लागूऔषधको ओसार-पसार र प्रयोगकर्तालाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्नेमा आफू गम्भीर रहेको ढकालको भनाइ छ । प्रयोगकर्तालाई सुधारात्मक र कानूनी दुवै ढङ्गले हेरेर नियन्त्रणमा ल्याउने प्रयास गर्नेछौं -एसपी ढकालले भने -, लागूऔषध भित्रिने स्थानको सूक्ष्म पहिचान गरेर अघि बढ्ने छौं ।

इलाम सदरमुकाम विद्यालयमा अध्ययन गर्ने धेरै विद्यार्थी १२ वर्ष उमेरदेखि चुरोट र गाँजाको लतमा फसेको पाइने गरेको सामाजिक अभियन्ताको भनाइ छ ।

लागूऔषध नियन्त्रणमा काम गर्न थालेको ज्योतिर्मय सामाजिक अभियान इलामका अध्यक्ष धिरेन चेम्जोङले हरेक घरपरिवार, टोल, गाउँ, समाज लागूऔषधबाट आक्रान्त हुँदै गएकाले त्यसबाट बचाउन सबै अभिभावक सचेत हुनुपर्ने अवस्था रहेको बताउँछन् ।

अहिले प्रयोगकर्ता मात्र होइन यसको व्यावसायिकता पनि बढेको अनुमान गर्न सकिन्छ, लागूऔषधले नछोएको घर छैन भन्ने अवस्था आइसक्यो- चेम्जोङले भने - लागूऔषधले गर्दा भविष्य धेरै खतरामा छ ।'

लागूऔषध न्यूनीकरण र नियन्त्रणका लागि सचेत गराउन अब जिल्लाका सबै पालिकामा अभियान चलाउने तयारी रहेको चेम्जोङको भनाइ छ । २०६७ मा गरिएको एक सर्वेक्षणका अनुसार नेपालमा एक लाख ३० हजार ४२४ जना लागूऔषध प्रयोगकर्ता रहेको थियो ।

जोतिर्मय सामाजिक अभियानका सल्लाहकार धर्म गौतमले २०६९ मा गरिएको अर्को सर्वेक्षणमा ९१ हजार ५३४ जना लागूऔषध प्रयोगकर्ता रहेको बताए । यी दुई सर्वेक्षणका आधारमा २०६७ को सर्वेक्षण प्रतिवेदनमा लागूऔषध प्रयोगकर्ताको वार्षिक वृद्धिदर पाँच दशमलव शून्य छ प्रतिशत रहेको गौतमले जानकारी दिए ।

प्रदेशगत अध्ययनमा कोशी प्रदेशमा २७ हजार ६०५, मधेश प्रदेशमा १५ हजार ८३४, बागमतीमा ४६ हजार ४८०, गण्डकीमा आठ हजार ९५६, लुम्बिनीमा २५ हजार ९३०, कर्णालीमा एक हजार ८११, सुदूरपश्चिममा तीन हजार ८०८ जना लागूऔषध प्रयोगकर्ता रहेको गौतमले जानकारी दिए ।

रोकिएन...

भएको हो ।

त्यसरी अवैध ओसारपसारमा संलग्न ८९ जनालाई प्रक्राउ गरिएको र सो बापत् ३४ करोड ६९ लाख ८९ हजार पाँच सय ३१ रुपैयाँ बराबरको सामान भन्सार/राजश्व अनुसन्धान विभागमा बुझाइएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

मेची...

आवश्यक पर्ने अनुमान गरिएको थियो । तर, मुआब्जा रकम ८८ करोड मात्र रहेको रेलवे कार्यालय दमकले जनाएको छ । सरकारले स्रोतको व्यवस्थापन गरे मुआब्जा निर्धारण र वितरणमा समस्या नरहेको जिल्ला प्रशासन कार्यालयको दाबी छ । जग्गा रोक्का हुँदा बिक्री गर्न, बैकिङ कारोवार गर्न र अशंबण्डा गर्नसमेत ठप्प छ ।

दुई दशकदेखि बेपत्ता शमशेर घर फर्किए

मोरङ, जेठ ३। दुई दशकदेखि बेपत्ता मोरङको बेलबारी नगरपालिका-११ का शमशेरबहादुर कटुवाल घर फर्किएका छन् । स्थानीय तहको सक्रियतामा उनलाई घर फर्काइएको हो ।

शमशेरबहादुर फर्किएपछि कटुवाल परिवारमा खुसियाली छाएको छ । बेलबारी नगरपालिका-११ लक्ष्मीमार्गस्थित वडा कार्यालयमा ६६ वर्षीय कटुवाललाई सोमबार स्थानीय तहका जनप्रतिनिधिले उनको परिवारको जिम्मा लगाएका छन् । कटुवाल भोजपुरको जरायोटारबाट विसं २०६१ देखि बेपत्ता भएका थिए । श्रीमान् भेटिनुहुन्छ भन्ने कल्पना नै गरेकी थिइँन, उहाँ जिउँदो हुनुहोला भन्ने आशा पनि मरिसकेको थियो- शमशेरबहादुरकी श्रीमती सीताले भनिन् । शमशेरबहादुर र सीताको विसं २०५० मा विवाह भएको थियो । दुवै जनाबाट छ सन्तान जन्मिए । कान्छो छोरो १० महिनाको हुँदा श्रीमान् बेपत्ता हुनुभयो, म एक्लैले छ सन्तान हुर्काएँ- सीताले आफ्नो दुखेसो सुनाइन् । यसबीचमा परिवारको साथ नपाएपछि उनी माइतीको सहारामा झापाको केचना हुँदै हाल बेलबारीमा बस्दै आएकी छन् ।

शमशेरबहादुर बोल्न सक्दैनन् । उनी घाँटीको क्यान्सर रोगबाट पीडित छन् । आर्थिक अवस्था कमजोर भएकाले उनको उपचार के कसरी गर्ने भन्नेबारे कटुवाल परिवार चिन्तित छ । कटुवालको उपचार गराउन सहयोग जुटाउन थालेको स्थानीय लक्ष्मी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सुजय गौतम बताउँछन् ।

बिरामी भएपछि कटुवाल सम्पर्कमा आएका हुन् । धेरै मेहनतपछि उनलाई घर फिर्ता ल्याउन सकिएको वडाध्यक्ष विक्रम राईले बताए । कटुवाललाई क्यान्सरबाट मुक्त गर्न सहयोग जुटाउने काम भइरहेको छ- उनले भने ।

यातायातका ...

गरिएको पाइएको छ । पछिल्लो १० वर्षमा ३५ वटा यातायात कार्यालयबाट १ लाख २ हजार सेवाग्राहीले लिखित परीक्षा र ट्रायल नदिइकनै लाइसेन्स लिएको देखिएपछि विभागले छानबिन गरेको थियो ।

सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावलीमा भएको कानूनी व्यवस्था पूरा नगरी गलत तरिकाबाट 'इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स सिस्टम'मा चलखेल गरी लाइसेन्स जारी भएको पाइएपछि यातायात व्यवस्था विभागका आइटी प्रमुख मुकेश रेग्मीको संयोजकत्वमा छानबिन गरिएको थियो ।

रोजाइमा आकर्षक र टिकाउ बेतका फर्निचर

धरान, जेठ ३। धरान उपमहानगरपालिका-१० का ७० वर्षीय रामबहादुर तामाङले बेतका फर्निचर बनाएर बिक्री शुरु गरेको साढे चार दशक बित्यो । भारतको शिलगढीसम्म पुगेर बेत ल्याउने र त्यसैबाट बनेका सामान बिक्रीबाट उनले घरखर्च चलाई रहेका छन् ।

साढे चारदशक भयो, बेतका सामान बनाएर बिक्री गर्दै आएको छु- तामाङले भने- यसको बजार अहिलेसम्म राम्रो छ । धरानमै बिक्री गर्दा पनि व्यापार फस्टाएको छ । उनका अनुसार अहिले पनि मासिक रु. ३५ हजारसम्म मज्जाले बचाउन सकिन्छ ।

उनका अनुसार पछिल्लो समय बेतबाट बनेका डोका, डाला, नाङ्लोलगायतका सामानसँगै फर्निचरमा पनि मानिसको आकर्षण बढिरहेको छ । पहिले डोका, डाला र नाङ्लो बढी बनाइथ्यो, अहिले भने बेतबाट बनेका फर्निचर सजावटका लागि आकर्षक र प्रयोगमा आरामदायी हुने भएकाले माग बढ्दो छ- उनले भने ।

उनले धरान र आसपासमा पर्याप्त बेत नपाइने भएकाले शिलगढीसम्म जानुपरेको सुनाए । यहाँ पर्याप्त बेत नपाइने भएकाले भारतको शिलगढीसम्म जानुपर्ने अवस्था छ, स्वदेशमै उत्पादन भए त्यहाँसम्म जानुपर्ने बाध्यता हुँदैनथ्यो र सामान पनि सस्तोमै उपलब्ध गराउन सकिन्थ्यो- उनले भने ।

उनले अहिले बेतबाट कोक्रो, मुडा, र्‍याक, कुर्सीलगायतका सामग्री उत्पादन गर्दै आएका छन् । बेतबाट बनाएका सामग्री विदेशीले समेत मन मराउने गरेको उनले सुनाए । बेतबाट बनेका सामान पनि बलियासँगै आकर्षक हुन्छन्, सजावटमा पनि अत्यधिक प्रयोग हुन्छ- उनले भने । उनका अनुसार अहिले एउटा सामानको रु. तीन हजारदेखि रु. पाँच हजार पाँच सयसम्ममा बिक्री हुने गरेको छ । शिलगढीमा एक बण्डल बेत खरिद गर्दा रु. तीन हजार पाँच सयसम्म पर्ने गरेको त्यसबाट तीन वटासम्म सामान बनाउन पुग्ने भएकाले घाटा नहुने उनको भनाइ छ । उनले भने -पसल आफ्नै घरमा भएकाले भाडा तिर्न पर्दैन, कुनै दिन व्यापार नभए पनि घाटा हुँदैन ।

रामबहादुर जस्तै धरान-११ का श्याम तामाङले पनि बेतका सामग्री बिक्रीबाटै खर्च धान्दै आएका छन् । पछिल्लो २५ वर्षयता फर्निचर व्यापारमा सक्रिय उनले शुरुमा काठका फर्निचरको व्यवसाय गरे । २० वर्षयता भने उनी बेतका फर्निचरको व्यापार गर्दै आएका छन् । बेतका फर्निचरको व्यवसाय राम्रो छ, मैले मासिक रु. ५० देखि ६० हजार आम्दानी गर्दै आएको छु- उनले भने । बेतबाट बनेका सोफा, डाइनिङ टेबल, पलङ, कुर्सी, मुडा, ह्याङ्गर, ढाकी, गमलालगायत विभिन्न सजावटका सामान उनको पसलमा पाइन्छन् ।

बेतको सामग्री निर्माण गर्ने नेपाली कालीगढ नभएकाले पाँच जनासम्म भारतीय कालीगढ राखेको उनले बताए । उनका अनुसार बेतका फर्निचरको उत्पादन बढाउन सक्ने हो भने बजारको अभाव छैन । तर पर्याप्त बेत र कालीगढको अभावका कारण बजारमा माग अनुसारको सामग्री उपलब्ध गराउन नसकिएको उनको भनाइ छ । उनले बेतको सामान १५ देखि २० वर्षसम्म सजिलै प्रयोग गर्न सकिने बताए । नेपाली युवा रोजगारीको खोजीमा दिनहुँ विदेश पलायन भइरहेका छन्, हातमा सिप भएमा नेपालमै व्यावसाय गरेर जीवनयापन गर्न सकिन्छ- उनले भने ।

बेतका फर्निचरहरु हेर्दा आकर्षक देखिनुका साथै हलुका हुने भएकाले यसको प्रयोग धेरैको रोजाइमा पर्ने गरेको उनको भनाइ छ । उनका अनुसार बेत विशेष गरी दुई प्रकारको प्रयोग हुने गर्छ । भारत शिलगढीमा उत्पादन हुने बेत अलिक मोटो हुन्छ भने पूर्वी पहाडी भेगका जङ्गलमा पाइने बेत पातलो हुन्छन् । यस्ता बेतलाई पानी बेत भनिन्छ । बेत बाँस प्रजातिमा पर्छ । तर बाँसभन्दा बलियो हुन्छ ।

कर्मचारी आवश्यकता
१) होटल कर्मचारी : ४ जना
- फेमिली सहितको श्रीमान, श्रीमती हुनुपर्ने छ ।
- खाना, बस्नसहित होटल रेखदेख गर्नुपर्ने छ । होटलमै बस्नु पर्ने छ ।
१) वेट्रेस (महिला) : २ जना
सम्पर्क : ९७०४४६०५२२

बिमालेख हरायो
बैंसाबारीबाट बिर्ताबजार जाने क्रममा यही मिति २०८१/०१/०१ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड (एलआइसी)को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम:- कल्पनाकुमारी गिरी
ठेगाना:- अर्जुनधारा -५, झापा
पोलेसी नं.:- ६०००००४५०
कम्पनी नाम: लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड (एलआइसी)

बालबालिकाप्रति असल व्यवहार गरौं
- बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- बालबालिकालाई स्नेह र माया गरौं,
- उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

बजरङ्ग STEEL
TMT
ANGLE
I-BEAM
CHANNEL
FLATS
SQUARES
IS 1786:2008 | IS 2062:2011 | NS : 191 | Certification & Inspection | ISO 9001:2015
Swastik Rolling Mills Pvt. Ltd, Duhabi | Contact: 9820721032, 9820721022

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

झुठो टिक्दैन

अन्ततः सन्दीप लामिछानेले न्याय पाएका छन् । लामो छलफल, बहस र तारिकपछि बलात्कारको आरोप लागेका सन्दीपलाई उच्च अदालत पाटनले निर्दोष ठहर गरेपछि उनले मात्र होइन देशको भलो चाहने सबैले न्याय पाएको अनुभूति गरेका छन् । नाबालिका बलात्कारको आरोप लागेका उनलाई जिल्ला अदालत काठमाडौंले दोषी ठहर गर्दै आठ वर्षको जेल सजायसहित पाँच लाख क्षतिपूर्ति भराउन आदेश दिएको थियो । पीडित भनिएकी युवतीको उजुरीका आधारमा विदेशमा रहेका सन्दीप स्वयम् अदालत उपस्थित भएका थिए । त्यसक्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै प्रहरीले जघन्य अपराधी सरह पक्राउ गरी हिरासतमा राखेको थियो ।

सन्दीप लामिछाने नेपाली खेल जगतको उज्यालो तारा सरह उदाउँदै थिए । खेलकुदको पनि क्रिकेटका राष्ट्रिय खेलाडीको रुपमा अन्तर्राष्ट्रिय प्रतिष्पर्धामा सहभागी भई विश्व रेकर्ड बनाइसकेका सन्दीपबाट देशको गौरव बढ्ने अपेक्षा पनि गरिएको थियो । हुन पनि भारतीय प्रधानमन्त्रीदेखि अन्तर्राष्ट्रिय खेलाडीहरुबाट समेत उनको क्रिकेट खेलको प्रशंसा हुन थालेको थियो । आफ्नो जीवन खेलमय बनाउँदै देश र जनताका लागि समर्पण गरेका उनीप्रति सरकारको वक्रदृष्टि र दुर्व्यवहारले नेपाली समाज खासगरी युवावर्ग आक्रोशित भएको थियो । उनलाई तेजोबध गराउन शक्तिकेन्द्र र केही प्रभावशाली व्यक्तिहरु नै लागेको टिप्पणी पनि भइरहेको थियो । यस्तो अनेक चर्चा, टिप्पणी, आलोचना र बिरोधकाबीच सन्दीप दोषमुक्त भएका छन् । उनको खेलजीवन पूर्ववत् सञ्चालन हुनेछ, यो नै सर्वाधिक खुशीको कुरा हो ।

उनीमाथि लागेको आरोप यथार्थमा मानवीय संवेदना र नेपाली समाजको धरातलबाट हेर्दा लज्जाजनक नै हो । तर, हामीकहाँ आधुनिकताले परम्परागत मूल्य–मान्यता तोड्दै लगेको छ । खुल्ला र स्वतन्त्र समाज र जीवन भोगाइको अभ्यास बढ्दै गएको छ । यहीबीच राज्यले निर्माण गरेको कतिपय कानूनी व्यवस्थाले अपराधका नयाँ छिद्र खोल्न थालेको पनि छ । त्यस्तैमा राष्ट्रको गौरव, शान र मान भनिएका सन्दीप पनि अपराधी सावित भए, जुन आरोपलाई स्वीकार्न नेपाली युवा जमात तयार थिएन । जे होस् खेलकुदकै बाटोबाट राष्ट्र र नेपाली जातिको गौरव उँचो पार्न सक्रिय सन्दीपले न्याय पाएका छन् ।

‘सत्य डग्दैन झुठो टिक्दैन’ –यो हाम्रो पौराणिक ग्रन्थले पनि प्रमाणित गरेको भनाइ हो । देश यो भन्दा जघन्य अपराधहरुको केन्द्र जस्तै बनिएको छ । सरकारी सम्पत्तिसम्म व्यक्तिको बनाउने, अधिकारको दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन, अपचलन गर्ते र आफू अनुकूलका ऐन–कानून बनाउने राजनीतिक दल र नेताहरुका माझमा सन्दीपको मुद्दा गौण थियो । तर, पनि न्याय पाउन निक्कै कुर्नु पर्‍यो । अब यस्तो नहोस्– निर्दोषलले सजाय नपाउन्, दोषीले उन्मुक्ति नपाउन् अनि मात्र विधिको शासनको अनुभूति हुन्छ ।

नेपाली स्वाद - सम्पदा जोगाऔं !

डिल्ली अम्माई

हाम्रा खानाका परिकारहरू अन्न, फलफुल र सागपातहरूका जातसँग मात्र जोडिएका हुँदैनन्, मानिसले विकास गरेका खाना, पाककलासँग पनि अभिन्न रूपले जोडिएका हुन्छन् । ती खाना पकाउने कला उनीहरूको पुस्तौनी अभ्यास र तरिकासँग पनि जोडिएका हुन्छन् । खाना बनाउने अभ्यास समुदायले विकास गरेको सभ्यता र पहिचानसँग समेत जोडिएको हुन्छ । त्यो कलामा कुनै एउटा सभ्यताको शृंखलाबद्ध त्याग र खुबी हुन्छ । जस्तो हल्हलेको साग भोजपुरमा जसरी मेथी र मरोटी फुराएर पकाइन्छ, त्यो पकाउने कला र हरित मसलाको संयोजनबाट एक खास स्वादको जन्म हुन्छ । त्यो आफैमा विशिष्ट हुन्छ । त्यसमा निश्चित भूगोल र जातिहरूको पाक्य कलाको मौलिकता जोडिएको हुन्छ । पाक कला समुदायपिच्छे फरक-फरक हुन्छ । त्यसैले स्वाद पनि सोही अनुरुप फरक हुनु स्वाभाविक हो ।

हिमाली आमाहरूले पकाएको रोल्पोक, तिङ्मोको स्वाद, तराइमा नक्कल गरी बनाएको परिकारको स्वादसँग मिल्दैन । तराइमा मासबाट बनेको फुरौलाको स्वाद पहाडमा बनाएको फुरौलासँग मिल्दैन । बनेपाका हाँसको छोइलाको स्वाद आफैमा अनुपम हुन्छ । पूर्वेली लिम्बुनी आमाहरूको हातबाट बनेको फाक्सा, बाचिपा, उसिनेका तरुल, पोलेका मकै, खिउनीका स्वादहरूको विशिष्टता त्यो जातिमा मौलिक रूपले जोडिएको हुन्छ । तराइको मौलिक उत्पादनबाट बनेका करेलाको भर्ता, लट्टे, दूध रोटी, पानी रोटी, दाल रोटी, गोलामारीको मौलिक स्वाद लिन तराइबासिकै भान्सामा छिर्नु पर्दछ । ती परिकारहरू उनीहरूका परम्परागत मूल्यसँग जोडिएका हुन्छन् ।

पहाडको गहुँको च्याँख्लाबाट बनेको आटो होस् वा हिमालको जौ वा उवाबाट बनेको आटो स्वादको मौलिक विशिष्टता कल्पनै गर्न सकिँदैन । त्यसैले दाल, भात र तरकारी अचारमात्र नेपाली राष्ट्रिय खाना हुन् भन्नु उपयुक्त हुँदैन । खाना परिकारमा हाम्रो समुदाय पिच्छे मौलिक परम्परा छ । खाजामा आफ्ना मौलिक स्वाद र पोषण परम्पराहरू छन् । हिमालमा पाक्ने घ्युचियाले त्यहाँको चिसो हावापानीसँग मितेरी गाँसेको हुन्छ भने तराइको लस्सीले उतैको गर्मीसँग सम्बन्ध जोडेको हुन्छ । थारु समुदायको स्वाद परम्परामा घोगीको सुपले परिश्रमी जातिलाई आवश्यक पोषण दिए झैं नेवारी सभ्यतामा विकसित खाद्य स्वादकलाले पाक सौन्दर्यको ठूलो विरासत बोकेको छ ।

लामो यात्रामा खाजाको रूपमा लगिने पोलेका गिठा, जौको सातु, भुटेका मकै-भट्ट, चिरा, भुजा, खुदो मोलेको खट्टे-सिलाम वा सिरिम्ला-भागो र सेलरोटीलाई पश्चिमा पत्रु खानाहरूले कहिल्यै चुनौती दिन सक्दैनन् । थकालीआमाको चुलोमा पाक्ने खाना तथा पूर्वी पहाडको सार्ग्याङ्गको स्वाद आफैमा एक मौलिक स्वाद पहिचान हो । ती स्वादहरू त्यहाँको हावापानी, श्रमको तह र स्वास्थ्यको विशिष्टता ख्याल गरेर विकसित हुँदै आएका हुन् । त्यसैले नेपाली खानाको स्वाद विरासत आफैमा विशिष्ट छ ।

खानाको स्वाद, अन्नपातको रैथाने जात, पकाउने कला र खाने तरिकासँग सम्बन्धित हुन्छ । परिकारसँगै जोडिन्छ, रैथाने तरकारी र खाद्यान्नको अर्ग्यानिक स्वाद । विभिन्न भूगोलमा फल्ने रैथाने सागपात तथा खाद्यान्नकै आधारमा परिकार र स्वाद निर्माण हुन्छ । भोजन र स्वादलाई गाँस्ने मौलिक पाककलाले हो । कुन खाद्यान्नबाट, कसरी परिकार तयार गरिन्छ त्यसैको आधारमा स्वाद बन्दछ । र, यही स्वादले खानाको स्वाद लोकप्रियता निर्धारण गर्छ । हाम्रा लोक-परिकारहरूले घरका भान्साबाट निस्केर रेस्टुरेन्टमा प्रवेश गर्न, तिनलाई केही परिमार्जन गरी नेपाली मौलिकतासहितको वैश्विक परिकार बनाउन सकियो भने नेपाली पहिचान अझ समृद्ध बन्नेछ । यसका लागि हामीमा परिकार चेतना बढ्नु आवश्यक छ । यस्तो चेतना जसले परिकार चाखेर स्वादको बयान मात्र होइन, त्यसको इतिहास र महत्वको जानकारी पनि देओस् । यसमा हाम्रो चुलोका स्वादहरूको प्रचार गर्ने आयोजकहरूले परिकारको ऐतिहासिकता समेतलाई आत्मसात गरी प्रचार गर्नुपर्ने हुन्छ । त्यसको पाक समिश्रणलाई पनि स्पष्ट पारिदिनु पर्दछ । यसले गर्दा विदेशीहरूको परिकारप्रतिको चासोलाई ह्वात्तै बढाइदिन्छ ।

कुनै पनि खाना मात्रामा अन्दाज गरेर खाइन्छ । बढी पौष्टिक खाना आवश्यकभन्दा बढी खाँदा शरीरलाई फाइदा गर्दैन । मौलिक परिकारको स्वाद जति मिठो भएपनि मानिसलाई असर गर्ने उपभोगको मात्रा अर्थात् परिमाणले हो । पहाड र हिमालमा बस्ने मानिसले जति खाना खान्छन्, त्यति नै खाना तराईबासीका लागि हानिकारक हुन सक्छ । शारीरिक श्रम गर्ने मानिसले उपभोग गर्ने मात्रा मानसिक श्रम गर्ने मानिसका लागि हानिकारक हुन सक्छ । त्यसैले खानाको परिणाम उसले गर्ने श्रमले निर्धारण गर्दछ ।

त्यसैले भनिन्छ, जति मान्छे खाना नपाएर मर्छन् त्यो भन्दा बढी खान नजानेर मर्दछन् । आज भोकमरीले जति मान्छे मरेका छन्, त्यो भन्दा बढी खराब खानपानले मरेका छन् । खराब खानपानकै कारण मधुमेह, उच्च रक्तचापदेखि क्यान्सरसम्मका जोखिम बढेको चिकित्सकहरू बताउने गर्छन् । अंग्रेजीमा एउटा उक्ति छ, ‘यु आर ह्वाट यु इट’ अर्थात् तिमी जे खान्छौ, त्यही हौ । यो कुरा उपभोग गर्ने मात्राको कोणबाट मात्र सत्य नभएर, खानाका परिकारलाई हेरेर मान्छे वा समुदायको भूगोल चिन्ने कुराबाट पनि यथार्थ हो । अर्को शब्दमा भन्दा भोजनको परिकार हेरेर मानिसको भूगोल र पहिचान चिनिन्छ । त्यसैले भेषभुषा जस्तै खाना भनेको मानव समुदायको पहिचान पनि हो ।

पूर्वीय पाक-दर्शनले जीवनशैलीलाई उच्च प्राथमिकतामा राखेको छ । प्रकृतिले यो संसार यसरी निर्माण गरेको छ कि कुनै एक भेगीय समुदायले आफ्नो वातावरण अनुकूल भोजन र पाक्यकलाको आविष्कार गरेको छ । हाम्रा पूर्वजले मानव जीवन र प्रकृतिको महत्व बुझेर बर-पिपल र तुलसी रोप्ने, पूजा गर्ने चलन चलाएजस्तै युरोप अमेरिकामा बाबरी र तुलसीजस्ता औषधीय गुण भएका वनस्पतिका पातहरू खानाको सजावटमा राख्ने गरेको देखिन्छ । प्रकृतिसँग नजिक भएर बस्ने, करेसाबारी बनाउने, फलफूलका बोट लगाउने, मौसमी फल खाने र आफैंले खानेकुरा उत्पादन गर्ने तरिका साँच्चै वैज्ञानिक थिए ।

हामी भने मौसमी सागपात, अनाज तथा फल खानुको सट्टा जुनसुकै बेला खानका लागि औषधिको प्रयोगले तयार पारिएका फल, गुलिया जुस, ‘युरोपियन’ वा ‘अमेरिकी स्ट्यान्डर्ड’ भन्दै सोडा र कोलालगायत खानपिउन लालायित भएका छौँ । त्यो तरिका प्रकृति आज्ञाबिरुद्ध छ नै, स्वास्थ्यका लागि पनि त्यो प्रतिकुल छ । त्यसैले खाना वा फलफुलको प्रयोग गर्ने परम्परागतशैली आधुनिक उपभोग विधिको तुलनामा स्वास्थ्यवर्द्धक छ भन्न सकिन्छ । भोजन कलाबारे यति बुझ्दाबुझ्दै पनि हामी विदेशी खानाको पछाडि लागेका छौँ र आफ्नो वातावरण अनुसारको खाना खान बिर्सेका छौँ । आफ्नो भूगोल र हावापानी अनुसारको खाना खाने परम्परादेखिको शैलीलाई अझ वैज्ञानिक बनाउनुको सट्टा विकृत बनाएका छौँ ।

हिमालको मानिसले शरीरलाई तातो राख्ने उच्च प्रोटिनयुक्त खाना खानुपर्छ, तराईबासीले रेसायुक्त खाना खानुपर्छ र पहाडका मानिसले प्रतिरोधात्मक पोषणयुक्त भोजन खानुपर्छ भन्ने कुरा वैज्ञानिक छ । त्यसका स्पष्ट कारणहरू पनि छन् । पहाडमा गोबर बोक्दाबोक्दै, खेत जोत्दाजोत्दै र हिलो माटोमा काम गर्दागर्दै खाना खानुपर्ने बाध्यता छ । त्यसैले हामी रोगप्रतिरोधात्मक टिमुर, लसुन, जिम्बु, मरोटीको बढी नै सेवन गर्दछौँ ।

नुन बटौल गर्दा हाम्रा पुर्खाले छिटो नसड्ने सातु, खट्टे भागो, रोटीपुरी र टिमुरको छोप जस्ता परिकारको आविस्कार गरे । चिसो लाग्दा झ्वाइँखट्टे खाने गरे भने गर्मी हुँदा साँधेको निबुवा र खुदोपानी । त्यस्तै समयक्रममा हावापानी मिल्दो खानाको आविस्कार पनि हुँदै गयो । हिमालबासीले, तराईबासीले जस्तो खाना खाने र तराईबासीले हिमालबासीको जस्तो खाना खाँदा जीवनरक्षा प्रणाली ध्वस्त हुँदै जान्छ भन्ने कुरा हाम्रा पूर्वजहरूलाई राम्रोसँग थाहा थियो ।

कस्तो परिकार, कहाँ र कसरी खाना खाने भन्ने कुराले हाम्रो मानसिक र शारीरिक स्वास्थ्यसँगै सम्पूर्ण जीवन प्रणालीको सन्तुलनमा प्रभाव पार्छ । जापानका वैज्ञानिकले एक सय ३६ देशमा गरिएको एक अनुसन्धानबाट मोटोपनको समस्या भात खाने देशमा निकै कम देखिएको पत्ता लगाएका छन् । अत्याधिक पत्रु खाना खाने तर कम मात्रामा भात खाने देशमा मोटोपनको समस्या धेरै देखिएको सो अध्ययनले देखाएको छ । यसको मतलब नेपाली खानाको परिकार स्वस्थ शरीरको लागि बाधक हुँदै होइन, बाधक खानामा प्रयोग हुने रसायन, परिमाण र तरिका हो ।

नेपाली खानामा बच्चाको लागि जाउलो, सागको लिटो, मौसमी फलफुलको रस, सुद्ध दूधमा भिजाएका चिउरा र कुनिमामुका मौलिक नेपाली स्वादहरू विकास भएका छन् । ती शिशु खाना अहिले नेपाली खानामा समावेश नै गरिएको छैन । कुनिमाम् बनाउन प्रयोग गर्ने सुद्ध घिउ, गौरियाको चामल, उवाको सातुको मिश्रणबाट निर्माण हुने स्वाद पत्रु खानाभन्दा कति हो कति मिठो हुन्छ । कुराउनी पनि हाम्रो मौलिक डिस हो । अहिलेको पुस्ताले त्यो बालस्वाद भुलिसकेको छ । अहिले त बच्चाको खानामा जंकफुड समावेश गर्न थालिएको छ । त्यसैकारण बालबालिकाहरूले पनि कुनिमाम भुलेर आलु चिप्स, डोनर माग्न थालेका छन् ।

जंकफुड अर्थात् पत्रु खानामा बालबालिकाको आकर्षण बढ्नुका मुख्य कारणहरू मध्ये पहिलो कारण, अभिभावकले आफ्ना छोराछोरीलाई भान्सामा पाक्ने खानेकुराको महत्वबारे नसिकाउनु हो । घरमा पकाउँदा समय धेरै खेर जाने र अल्छी लाग्ने भएकाले प्याकेटका खानेकुरा दिँदा ‘आनन्द’ हुन्छ भन्ने भ्रम पनि अर्को कारण हो । बच्चालाई स्कुल पठाउँदा होस् वा घरमा खाजा खुवाउँदा होस्, घरकै खाजा चिउरा, भुजा, चना, अण्डा, आलु, भटमास, उसिनेको तरुल सरखण्ड, पोलेका पिँडालु तथा गिठा, मकै-भट्ट (भटमास) भुटेर खुवाउने बानी पार्ने हो भने बालबालिकालाई पत्रु खानाको लत बस्दैन, कम हुन्छ । यो विषयमा बुबाआमा आफ्ना सन्तानका लागि आफू पनि अनुशासनमा बस्नुपर्छ । आफूले बाहिरका खाना नखाए बच्चाले घरकै खोज्छ । उनीहरूलाई घरकै खाना ख्वाउन सजिलो हुन्छ । पैसा बच्छ स्वास्थ्य राम्रो हुन्छ ।

नेपालमा भात (‘भात’ मात्र भन्दा बुझ्ने खानेकुरा हो, चामलको भात) नपाइने र नखाइने ठाउँ पनि छन् । त्यसैले भातलाई नै ‘नेपाली खाना’ भन्ने पगरी गुथाइ दिएर ती ठाउँलाई आफूसित ‘नेपाली खाना’ नभएको अनुभूति गराउनु हुँदैन । नेपालभरिका नेपाली परिकारको गणना गर्ने हो भने पाँच सयभन्दा बढी खाजा, नास्ता र खानाका परिकारहरू छन् । कुनै-कुनैलाई अलिकति परिमार्जन गर्नुपर्ला, तर हामी खाना र स्वादमा पश्चिमा मुलुक भन्दा कमजोर छैनौँ । अनि यति धेरै खानेकुराको विविधता भएको देशमा ‘दाल-भात-तरकारी मात्र नेपाली राष्ट्रिय खाना हुन सक्दैन ।’

अहिले ‘नेपाली खानेकुरा’ले आफ्नो स्पष्ट परिभाषा खोजिरहेको समय हो । हाम्रा लोक-परिकारहरूलाई परिभाषा दिएर, परिमार्जन गरेर, तिनको मौलिक र खाँटीपनको संरक्षण समेत गरेर अघि बढ्ने र बढाउने हामी सबैको कर्तव्य हो । रैथाने अन्नपात जोगिए मात्र स्वादिला परिकार बचाउन सकिन्छ । हामी हाम्रै गाउँघरका रैथाने बालीनाली बिर्सिएर आयातित अन्नपात र तयारी खानाको स्वादको मोहजालमा नफसौँ ! घरदेखि परसम्म हाम्रो खानाको स्वादलाई परिस्कृत गर्दै नेपाली पहिचानसँग जोडेर खानाको विश्वब्यापी प्रचार गरौँ । किनभने खाना आफ्नो मुलुकको एकल पहिचानमात्र नभएर जातजाति र भेगले आविस्कार गरेको स्वाद सम्पदा पनि हो । यी सबै नेपाली खानाको समावेशी रूपले परिस्कार तथा प्रचार गर्नु आजको आवश्यकता हो । *घटना र विचार*

डढेलो नियन्त्रणका उपाय

नवराज पोखरेल

गत चैत-बैशाखको समयमा देशको वायुमण्डलीय अवस्था प्रदूषित तथा तुँवालोयुक्त बन्यो । काठमाडौँ संसारको सबैभन्दा प्रदूषित सहर बन्यो । पोखरा, विराटनगर लगायत सहरहरू अत्यधिक प्रदूषित बने । जङ्गलमा लागेको आगो निभाउने क्रममा मानिसको मृत्यु पनि भयो । तापक्रम अत्यधिक रूपमा बढ्यो । तराई क्षेत्रमा तापक्रम ४० डिग्रीभन्दा बढी पुग्यो । उक्त तापक्रमले वातावरणलाई अत्यधिक तातो बनायो । बस्ती क्षेत्रमा पनि आगलागी भए । एकातर्फ प्रि-मनसुनको बेला औसत अनुसारको वर्षा हुन सकेन । अहिले केही पानी परेको छ । पानी पर्न रोकिनासाथ जेठमा यो समस्या निम्तिन सक्छ । विभिन्न उपाय अवलम्बन गरेर डढेलो नियन्त्रणमा लिन सकिन्छ ।

सरकारी तथा अन्य सरोकारवालाले डढेलो नियन्त्रणका लागि सबभन्दा पहिले सावधानी अपनाउनु पर्छ । मूलतः सावधानीमा सरोकारवालालाई वनको महत्व र यसको सुरक्षासम्बन्धी तालिम दिइन्छ । डढेलोबारे सूचना प्रदान गरिन्छ । यसको नियन्त्रण कसरी गर्ने भनेर सर्वसाधारणसम्म जानकारी दिइन्छ । सैद्धान्तिक रूपमा यो पहिलो प्रयास हो । यो विधि अपनाएर मानवीय त्रुटिले हुने डढेलोलाई धेरै मात्रामा नियन्त्रण गर्न सकिन्छ ।

सावधानी अपनाउँदा अपनाउँदै पनि यदि आगलागी वा डढेलो लागिहालेमा डढेलोसँग जुध्नका लागि तयारी अवस्थामा रहनु पर्छ । सैद्धान्तिक रूपमा डढेलो नियन्त्रणमा यो दोस्रो चरण हो । सरोकारवालालाई स्रोत, सिप र अनुभवको तालिम दिएर तयारीको अवस्थामा राख्नु पर्छ । सामुदायिक वनको कर्मचारी र सदस्य, वन क्षेत्रका मानिस र सुरक्षा संयन्त्र डढेलो लागिहालेमा निभाउन वा फैलन नदिनका लागि तयारी अवस्थामा रहनु पर्छ । डढेलो नियन्त्रणका लागि अर्को चरणमा सम्भावित डढेलो लाग्ने क्षेत्रको पहिचान गर्नुपर्छ । त्यस्तो क्षेत्रमा यन्त्र र दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्छ ।

अर्को चरण नियन्त्रणमा लिनु वा निभाउनु वा धेरै फैलिनु नदिनु हो । जब आगलागी हुन्छ वा डढेलो फैलिन खोजेको हुन्छ, त्यतिबेला आगोलाई निभाई थप फैलिन दिनु हुँदैन । तयारी अवस्थामा राखिएको जनशक्ति तथा अन्य स्रोतको माध्यमबाट आगोलाई थप फैलिन दिनु हुँदैन । यसका लागि पानी, माटो वा कार्बनडाइअक्साइड ग्यासको प्रयोग गर्न सकिन्छ । वनमा उपलब्ध हुने स्याउला, हरियो झारको प्रयोग पनि गर्न सकिन्छ । अन्य मेसिनरी औजार पनि आगो निभाउन प्रयोग गर्न सकिन्छ । आगलागी वा डढेलोपछि पीडितलाई क्षतिपूर्ति दिनु पर्छ ।

डढेलो लागेपछि वन क्षेत्र खाली र उजाड बन्छ । उजाड क्षेत्रमा पुनरुत्थान गर्नका लागि निश्चित कार्य योजना बनाई काम गर्नुपर्छ । यसरी पुनरुत्थान गरेको वन क्षेत्रलाई व्यवस्थित रूपमा हुर्काउने र पहिलेकै अवस्थामा ल्याउनु पर्छ । डढेलोले वनसँगै वनस्पति, जङ्गली जनावरलाई पनि प्रत्यक्ष असर पुर्‍याउँछ । साथै स्थानीय पारिस्थितिक प्राणालीलाई पनि प्रभाव पारी तत्तत् क्षेत्रको पुनरुत्थान योजना बनाई काम गर्नुपर्छ । यसरी काम गर्न सकियो भने विस्थापित भएका जीवजन्तु तथा वनस्पतिलाई पहिलेकै अवस्थामा पुर्‍याउन सकिन्छ र पारिस्थितिक प्रणालीलाई कायम राख्न सकिन्छ ।

यसपाली पनि देशको धेरै क्षेत्रमा डढेलो लाग्यो । यी मध्ये दुई तिहाइभन्दा बढी डढेलोका कारण केबल मानवीय नै हो भनिएको छ । त्यसैले हरेक मानिसले आफ्नो बानीलाई सुधार गरेमा र वन क्षेत्रमा आगोको स्रोत नफालेमा डढेलोबाट हुने ठूलो क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । पहिलो त डढेलो लाग्न नै दिनुहुँदैन । यदि डढेलो लागिहालेमा स्थानीयबासी मिलेर निभाउनुपर्छ ।

डढेलो नियन्त्रणमा पनि निम्न उपाय अपनाउन सकिन्छ :

सामान्यतयाः गर्मीयाममा क्याम्प फायरसहित खुलारूपमा आगो बालेर गरिने मनोरञ्जनलाई सकेसम्म निषेध वा निरुत्साहित गर्नुपर्छ । यदि त्यस्तो गरिएको खण्डमा आगोलाई राम्रोसँग निभाउनु पर्छ । ग्रामीण क्षेत्र तथा वन क्षेत्रको नजिक भण्डारण गरिएका प्रज्वलनशील वस्तुलाई आगोबाट वा आगोको स्रोतबाट सकेसम्म टाढा राख्नु पर्छ । घरआँगनमा आगो बाल्दा न्यूनतम रूपमा आगो वा आगोको स्रोतबाट १० फिट व्यास सर्कलभित्र पात, काठका टुक्रा र घाँस वा तत्काल आगो समात्ने वस्तुलाई हटाउनु पर्छ ।

आगलागी भइहालेमा फायर फाइटिङ उपकरण तथा दमकललाई यथास्थानमा चुस्तदुरुस्त राख्नु पर्छ । कहींकतै आगलागी वा डढेलो लागेको खण्डमा तत्काल निभाउन जान सक्ने गरी यी उपकरणको व्यवस्था गर्नुपर्छ । वन क्षेत्रमा ठाउँ-ठाउँमा पोखरी निर्माण गर्नुपर्छ । यसले डढेलो लागी हालेमा नियन्त्रण गर्न सहज हुन्छ । त्यसैले सामुदायिक, सरकारी तथा निजी वन क्षेत्रमा पोखरी निर्माण गर्ने अभियान शुरु गरिहाल्नु पर्छ ।

यदि वन क्षेत्र अलिक घना छ र कहीं कतै डढेलो लागी हालेमा नियन्त्रण गर्न गाह्रो हुने भएमा अनिवार्य रूपमा वन क्षेत्रभित्र अग्निरेखा निर्माण गरी उक्त अग्निरेखालाई सधैं सफा राख्नु पर्छ । यसले आगोलाई फैलिन रोक्छ । आगोको उपयोगितासँगै जोखिम पनि अत्यधिक छ । त्यसैले आगो र आगोका स्रोतमाथि चनाखो रहनु पर्छ । केटाकेटीको पहुँचभन्दा बाहिर राख्नु पर्छ । घरबाहिर आगो बाल्नु हुँदैन । बाल्नु नै परे हावा नचलेको समयमा मात्रै बाल्नु पर्छ । आगो बालिसकेपछि आगोलाई राम्रोसँग पानी वा माटोले छोपेर मात्र छड्नु पर्छ । कसैले डढेलो लगाउने उद्देश्यले वन क्षेत्रमा आगो बाली छोडेको भेटिएमा तुरुन्त सुरक्षा संयन्त्रलाई खबर गर्नुपर्छ ।

डढेलो एक प्रकारको बिपत्ति हो । त्यसैले आगोलाई सुरक्षित तरिकाले प्रयोग गर्नाले मात्र डढेलोबाट हुने क्षतिबाट बच्न सकिन्छ । अन्यथा डढेलोले धेरै क्षति पुर्‍याउँछ । वनलाई डढेलोबाट बचाउन के-कस्तो योजना चाहिन्छ, निर्माण गरी सबैले कार्यान्वयन गर्नुपर्छ । यो एकल पहलबाट नियन्त्रणमा आउने विषय होइन । सहकार्यबाट मात्र यसबाट हुने क्षतिलाई रोक्न सकिन्छ । डढेलो लगाउनु सामाजिक अपराध हो भने निभाउनु सामाजिक दायित्व हो । *गोप*

उखुको व्यापार : तमोर नदी किनारमा रहेको मूलघाट बजारमा बिक्रीका लागि राखिएको उखु। *तस्वीर : रासस*

इलामको चुरे क्षेत्रबाट काठ तस्करी

झापा, जेठ ३। इलामको चुरे क्षेत्रमा रहेका जंगलबाट चोरी तस्करी गरी माई खोलामा बगाएर ल्याउँदै गरेको काठ झापाको दोमुखामा प्रहरीले बरामद गरेको छ।

शिवसताक्षी नगरपालिका-१० दोमुखास्थित माई खोलामा इलामबाट काठ चोरी तस्करी गरी ल्याइरहेको भन्ने सूचना पाए लगत्तै इलाका प्रहरी कार्यालय झिलझिले, चुलाचुली सब डिभिजन वन कार्यालय इलाम र माई सुखानी सब डिभिजन वन कार्यालय इलामबाट खटिएका वन रक्षक तथा गैंडे सामुदायिक वन उपभोक्ता समिति माईधारको संयुक्त टोलीले अन्दाजी ६० हजार मूल्य बराबरको सखुवा जातको २०.२२ क्युबिक फिट फेन्टा बरामद गरेको थियो।

तस्करहरूले प्रहरी माथि ढुङ्गा र गुलेलीले आक्रमण गरेको र पछि थप सुरक्षाकर्मी लगेर काठ नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय झिलझिलेका प्रहरी निरीक्षक अनिष बुढाथोकीले बताए। बरामद गरिएको काठ गैंडे सामुदायिक वन माईधारमा बुझाइएको छ।

यसअघि गत बैशाख १५ गते माई खोलामा त्यसरी नै बगाएर ल्याउँदै गरेको चोरीको काठ प्रहरीले बरामद गरेको थियो। ट्युबमाथि काठ राखेर माई खोलाको पानीमा बगाएर इलामबाट काठ चोरी गरी झापातर्फ ल्याउने क्रम बढेको छ।

मकालु आरोहण गर्ने क्रममा फ्रान्सेली नागरिकको मृत्यु

किमाथाङ्का, जेठ ३। मकालु हिमाल आरोहण गर्ने क्रममा एक फ्रान्सेली नागरिकको मृत्यु भएको छ।

सङ्खुवासभामा रहेको विश्वको पाँचौं अग्लो मकालु हिमाल आरोहण गर्ने क्रममा फ्रान्सेली नागरिक ६० वर्षीय जोनी सालिबाको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका प्रहरी निरीक्षक रामकुमार लामिछानेका अनुसार मकालु गाउँपालिका-२ मा आठ हजार तीन सय ५० को उचाइमा पुगेका फ्रान्सेली नागरिक सालिबा अचानक बिरामी परेका थिए। उनको उद्धार गरी ल्याउने क्रममा बोटोमै मृत्यु भएको प्रहरी निरीक्षक लामिछानेले बताए।

पर्वतारोही सालिबाको शव हेलिकप्टरमार्फत काठमाडौं लैजाने तयारी भइरहेको स्नोवी होराइजन ट्रेक्स एक्स्पिडिसनका प्रबन्धक निर्देशक बोधराज भण्डारीले बताए। उनीसँगै गएका अन्य फ्रान्सेली नागरिक भने सकुशल रहेका छन्।

घटनास्थल सदरमुकाम खाँदबारीबाट १२ दिनको पैदल दूरीमा पर्दछ। एक साताअघि मकालु हिमाल आरोहण गरी फर्किने क्रममा सोलुखुम्बुको महाकुलुङ गाउँपालिका-४ का ५४ वर्षीय ल्हाक्पा तेन्जे शेर्पाको मृत्यु भएको थियो।

दुई अर्ब ३८ करोड राजस्व संकलन

झापा, जेठ ३। आन्तरिक राजस्व कार्यालयले चालू आर्थिक वर्षको दश महिनामा दुई अर्ब ३८ करोड २३ लाख ७५ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ।

कार्यालयका प्रमुख कर अधिकृत कृष्णचन्द काफ्लेका अनुसार चालू आवको साउनदेखि बैशाख मसान्तसम्ममा एक अर्ब २१ करोड ११ लाख ८० हजार रुपैयाँ आयकर बापत, ३१ करोड ९७ लाख ६४ हजार रुपैयाँ अन्तः शुल्कबापत र मूल्य अभिवृद्धि करबापत ८४ करोड ७६ लाख ४० हजार रुपैयाँ राजस्व सङ्कलन भएको हो। कार्यालयले निर्धारण गरेको लक्ष्यभन्दा ५१ करोड २३ लाख ५७ हजार रुपैयाँ कम सङ्कलन भएको छ।

उद्योग-व्यापारमा आएको मन्दीका कारण लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसकेको कार्यालयका प्रमुख काफ्लेले बताए।

झापामा ठूला करदाता मित्तल, मनसा र सन्राइज सिमेन्ट उद्योग कोरोना महामारीपछि बन्द छन् भने व्यापारिक कारोबार सुस्त हुँदा राजस्व सङ्कलनको लक्ष्य प्रभावित भएको उनले बताए।

पाथीभरामा ६९ लाखभन्दा बढी भेटी संकलन

फुङ्लिङ, जेठ ३। पूर्वको प्रसिद्ध शक्तिपीठ पाथीभरमा एक महिनामा ६९ लाख ३२ हजार चार सय रुपैयाँ भेटी सङ्कलन भएको छ।

बैशाखमा सङ्कलन भएको भेटी पाथीभरा क्षेत्र विकास समितिले सार्वजनिक गरेको हो। समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले सङ्कलित भेटी बैंक दाखिला गरिएको बताए। समितिले मन्दिरमा चढाइएको भेटी हरेक महिना सार्वजनिक गर्दै आएको छ।

गत महिना ५१ हजार आठ सय चार जनाले देवीको दर्शन गरेका थिए। चालू आर्थिक वर्षको बैशाखसम्ममा दुई लाख २० हजार दुई सय ७२ जना पाथीभरा आएका समितिले जनाएको छ।

सडक कालोपत्रे

पथरीशनिश्चरे, जेठ ३। मोरङको पथरीशनिश्चरे-१ को मन्दिर लाइनबाट बुद्धचौकसम्मको सडकमा कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ।

संघीय सडक डिभिजन कार्यालयको दुई करोड ६० लाख रुपैयाँको लागतमा सडकमा स्तरीय कालोपत्रे गरिएको हो।

मन्दिर लाइनदेखि बुद्धचोकसम्मको नौ सय मिटर लम्बाई र ६० फिट चौडाइको सो सडकमा कालोपत्रे गरिएको वडा नम्बर १ का वडाध्यक्ष भीमकुमार राईले बताए।

मोरङ निर्वाचन क्षेत्र नं. ३ बाट संघीय संसदमा निर्वाचित प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माको पहलमा दुई करोड ६० लाखको लागतमा सो सडकमा कालोपत्रे गरिएको थियो।

ब्यूटीपार्लर तालिम

पथरी शनिश्चरे नगरपालिका
७ नं. वडा कार्यालय
प्रदेश नं.-१ मोरङ
महिला लक्षित कार्यक्रम अन्तर्गत
ब्यूटीपार्लर तालिम

पथरीशनिश्चरे, जेठ ३। मोरङ्को पथरीशनिश्चरे वडा नं. ७ को आयोजनामा महिला लक्षित कार्यक्रम अन्तर्गत ब्यूटीपार्लर तालिम भएको छ।

चैत २८ गतेदेखि शुरु गरिएको एक हप्ते तालिमको वडा कार्यालयको सभाहलमा सम्पन्न भएको हो। वडाका २२ जना महिलाहरुले तालिम लिएको उक्त तालिमको अध्यक्षता वडा अध्यक्ष उद्धवराज बस्नेतले गरेका थिए।

कार्यक्रममा नगर प्रमुख मोहनप्रसाद तुम्वापोले तालिममा सहभागी २२ जना प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र वितरण गरेका थिए। प्रशिक्षार्थीको तर्फबाट कृतिका भट्टराईले आफ्ना कुरा राखेकी थिइन् भने तालिमको प्रशिक्षक मन्दिरा घिमिरेले गरेकी थिइन्।

वडाध्यक्ष बस्नेतले वडाका महिला दिदी-बहिनीहरु आत्मनिर्भर बन्दै अघि बढे महिला लक्षित कार्यक्रम नियमित थप गर्दै लगिने बताए। कार्यक्रममा वडा सचिव इन्दु सुवेदी, वडा सदस्यहरु नरेश बहादुर राई, मणिकुमार लिम्बू समेतको उपस्थिति रहेको थियो।

पथरीशनिश्चरे नगरपालिकाले महिला लक्षित विभिन्न तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। कार्यक्रम मार्फत महिलाहरुलाई सिपमूलक तथा स्वरोजगार बनाउन लागीपरेको जनाइएको छ।

ओटीटीमा 'चपली हाइट ३'

नेपाली फिल्म 'चपली हाइट ३' ओटीटी प्लेटफर्म 'सिनेमाघर एप'मा सार्वजनिक भएको छ। कोरोनाका कारण सिनेमा हलहरूमा दुई पटक प्रदर्शनमा आएको यो फिल्म एप मार्फत सार्वजनिक गरिएको हो।

२०७८ पुस ३० गते हलमा रिलिज भएको र तीन दिनमा नै कोभिड-१९ को महामारीले लकडाउन भएपछि यो चलचित्र दोस्रो पटक फागुन २०७८ मा रिलिज भएको थियो। सो समयमा पनि दर्शकले कोभिड खोप कार्ड अनिवार्य लिएर हल जानुपर्ने भएपछि पुनः समस्या आएको थियो।

उक्त समयमा निकै चर्चामा रहेको यो चलचित्र अब भने सिनेमाघर एप मार्फत सजिलै हेर्न सकिने छ। यस फिल्ममा स्वस्तिमा खड्का, अर्पण थापा, महेश त्रिपाठी, लक्ष्मी वर्देवा, दीपाश्री निरौला लगायतको अभिनय छ। सस्पेन्स-थ्रिलर जनरामा बनेको चलचित्रका निर्माता अर्जुन कुमार हुन्। यो चलचित्र चर्चित चलचित्र सिरिज 'चपली हाइट'को तेस्रो शृंखला हो। यसअघि सिनेमाघर एपमा 'जय भोले', 'कबड्डी ४,' 'महापुरूष,' 'जारी', 'पानी फोटो' जस्ता बहुचर्चित चलचित्रहरु सार्वजनिक भएका छन्।

सिनेमाघर एप सबै प्रकारका स्मार्ट डिभाइसमा एप उपलब्ध रहेका छन्। एपमा उपलब्ध चलचित्रहरु डिजिटल वालेट र विदेशबाट गुगल पे, पेपल, डेबिट-क्रेडिट कार्डबाट पैसा तिरेर हेर्न सकिन्छ साथै, गुगल प्लेबाट सिधा पेमेन्ट गर्न सकिन्छ। 'चपली हाइट ३' हेर्न दुई सय रकम तिर्नुपर्ने हुन्छ।

हृदयघातबाट दैनिक १० हजार युरोपेलीको मृत्यु

झापा, जेठ ३। विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले युरोपमा ४० प्रतिशत मृत्यु हृदयघातबाट हुने गरेको बताएको छ।

यो एक दिनमा १० हजार वा प्रति वर्ष ४० लाख मृत्यु बराबर हो। सङ्गठनले युरोपेलीहरूसँग नुनको सेवन कम गर्न आग्रह गरेको छ। डब्ल्युएचओको युरोप शाखाका निर्देशक हान्स क्लुजले विज्ञप्तिमा भनिएको छ- 'नुनको सेवनलाई २५ प्रतिशतले कम गर्ने लक्षित नीतिहरू लागू गर्दा सन् २०३० सम्म हृदयघातबाट करिब नौ लाख मानिसको ज्यान बचाउन सकिन्छ।'

युरोपमा ३० देखि ७९ वर्षबीचका तीन वयस्क मध्ये एकजना उच्च रक्तचापबाट पीडित छन्। रक्तचाप प्रायः नुनको अधिक सेवनले हुन्छ। डब्ल्युएचओको युरोपेली क्षेत्रका ५३ मध्ये ५१ मुलुकमा औसत दैनिक नुनको सेवन डब्ल्युएचओले सिफारिस गरेको अधिकतम् पाँच ग्राम वा एक चम्चाभन्दा बढी हुन्छ। यसको मुख्य कारण प्रशोधित खाद्य पदार्थ र स्न्याक्स हो।

'नुनको उच्च सेवनले रक्तचाप बढाउँछ, रक्तचाप हृदयघात वा स्ट्रोक जस्ता हृदय रोगहरूका लागि प्रमुख जोखिम कारक हो' -डब्ल्युएचओले भनेको छ।

सङ्गठनले युरोपमा रक्तचापको विस्तार विश्वमा सबैभन्दा बढी रहेको बताएको छ। सङ्गठनको प्रतिवेदन अनुसार यस क्षेत्रमा महिलाको तुलनामा पुरुषको मृत्यु हुने सम्भावना करिब अढाई गुणाभन्दा बढी छ।

हृदयघातबाट मृत्यु हुनेमा भौगोलिक विभाजन पनि छ। पश्चिमी युरोपको तुलनामा पूर्वी युरोप तथा मध्य एसियामा हृदयघातबाट युवा (३० देखि ६९ वर्ष समूह) मृत्यु हुने सम्भावना करिब पाँच गुणा बढी छ।

बराल ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय		सम्पर्क (चालक)	
दमकबाट	बिहान ६ बजे	सन्तोष	जीवन कार्की
बिर्तामोडबाट	बिहान ७ बजे	९८०६०१८१७४	९८१६९४०१७३
मंगलबारेबाट	दिउसो १२ बजे	९८४०३८७६७५	मे १ ज १६७०

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - पती-पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा ध्यान दिनुहोला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - दिन मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइनेछ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - आज बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) - अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - फसेको धन अकस्मात लाभ हुनेछ, मध्यान्हमा मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, आज तपाईको मन प्रशन्न रहला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, पियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, उत्साह बढ्ने योग रहेको छ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ।